आज मिति २०७४।०४।१४ गते राप्ती नगर कार्यपालिकाको छैटौ वोर्डवैठक नगरप्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राजु उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अरविका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री गंगा बहादुर भुजेल

अन्य उपस्थिती : कम्प्यूटर अपरेटर श्री रमेश चौधरी

प्रस्ताव नं १ आ.व. ०७३।०७४ को आय व्याय सम्बन्धमा ।

प्रशताव न २ टोल विकास संस्था गठन सम्बन्धमा ।

प्रशताव नं ३ एकिकृत सम्पत्ति कर (IPT) सम्बन्धमा

प्रशताव नं ४ equipment (roller and excavator) संचालन सम्बन्धमा ।

प्रशताव नं ५ विद्यालय क्षेत्र विकास कार्यक्रम हेर्न सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

प्रशताव नं ६ आर्थिक सहायता सम्बन्धमा ।

प्रशताव नं ७ निवेदन सम्बन्धमा ।

प्रशताव नं ८ बसाइसराइ सम्बन्धमा ।

प्रशताव न ९ सामाजिक सुरक्षा भत्ता बैंकिङ सम्बन्धमा ।

प्रशताव नं. १० ४ नं. वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं.१ : आगामी वैठकमा आ.व.०७३।७४ को आय व्यायको पूर्ण विवरण पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२ :टोल सुधार संस्थाहरु नियमानुसार गठनगरी दर्ता गर्न कार्यपालिकाका सवै सदस्यहरुले टोलवासीहरुलाई उत्प्रेरित तथा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

निर्णय नं.३ :परिषदले एकीकृत सम्पत्ति कर लगाउने निर्णय गरिसकेकोले प्रक्रिया अगाडी बढाई सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.४ :रोलर र व्याक हो लोडर व्यवस्थित रुपमा संचालन गरी आय आर्जन गर्न वोर्ड सदस्य श्री स्यामलाल वि.क. को संयोजकत्वमा निम्न पदाधिकारहिरु सदस्य रहेको समिति गठन गरियोः–

श्री शमसेर लामा – सदस्य

श्री श्याम सुन्दर उप्रेती– सदस्य

श्री अमर बहादुर तामाङ्ग – सदस्य

श्री दिल कुमारी लामा –सदस्य

निर्णय नं.५ : विद्यालय क्षेत्र विकास कार्यक्रम हेर्न सामाजिक समितिका संयोजक श्री पुष्पा के.सी ज्यूलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

निर्णय नं.६ : वडाध्यक्षको सिफारिस समेतलाई मध्यनजर गर्दै आर्थिक सहायताको बजेट परिधिमा रही नगर प्रमुख,उप प्रमुख र कार्यकारी अधिकृतले गम्भिर्यताको आधारमा सहयोग रकम प्रदान गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.७ : विभिन्न स्थानबाट ग्राभेलको माग भएकोमा फिल्ड निरिक्षण गरी अति आवस्यकता भएकोमा मात्र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रथम चौमासिक निकासा प्राप्त भएपछि कार्य सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.८ :वसाई सराई दर्ता सम्बन्धमा छलफलहुदा ऐलानी जग्गामा घर भएका व्यक्तिहरुलाई बसाइ सरेको प्रमाणको आधारमा वसाइ सराई दर्ता गर्ने तर उक्त प्रमाणले प्रचलित कानुनले व्यवस्था गरेमा बाहेक जग्गाको स्वामित्व सम्बन्धमा कुनै प्रमाण नलाग्ने निर्णय गरियो ।

निर्णय नं.९ :नियमानुसार सरकारी कार्यालय संग वैकिङ्ग कारोवार गर्न तथा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्न सम्झौता गरेका वैंकहरु मध्यबाट वढी सुविधा दिन सक्ने वैकहरु संग सम्झौता गरी सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणालीबाट वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१० :स्थानीय तहका कृषि र पशु विकास कार्यालय समेतको चल अचल सम्पत्ति सम्बन्धित स्थानीय तहको हुने नेपाल सरकारको आदेश प्राप्त भएकोले यस राप्ती नगरपालिकाको वडा नं.४ मा रहेको कृषि र पशु कार्यालयको नाममा रहेको जग्गा र  सो संग सटेको ऐलानी जग्गा समेत समेटी यस नगरपालिकाको वडा नं. ४ को कार्यालय निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।